# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ सङ्ख्या : ८ मिति : माघ ४, २०७७

## भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७७

उर्लाबारी नगरपालिका

**प्रस्तावना :**

विभिन्न कारणले सडकमा आएका बालबालिकाको उद्धार, संरक्षण, मनोसामाजिक विमर्श, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन, पुर्नस्थापना तथा पुर्नएकिकरणका कार्यक्रमहरु संचालन गरी सडक बालबालिकाको व्यवस्थापन तथा सडकमा बालबालिकाहरु नआउने वातावरण सृजना गर्न सञ्चालन गरिने कार्यक्रमको खर्च गर्ने कार्यविधिको लागि उर्लाबारी नगरपालिकाले "सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७७" जारी गरेको छ ।

## परिच्छेदः १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि २०७७" रहनेछ ।

(ख) यो कार्यविधि उर्लाबारी नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "बालअधिकार समिति" भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ६० वमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ख) "नगरपालिका" भन्नाले उर्लावारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ भन्ने सम्झनुपर्दछ

(ग) "राष्ट्रिय वालअधिकार परिषद" भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद गठन हुने समिति सम्झनुपर्दछ ।

(घ) "विभाग" भन्नाले महिला तथा बालबालिका विभाग सम्झनुपर्दछ ।

उर्लाबारी नगरपालिका

(ङ.) “वालकल्याण अधिकारी” भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ वमोजिम नियुक्त हुने वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(च) “कार्यक्रम” भन्नाले सडक बालबालिकाको उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारीक तथा सामाजिक पुर्नस्थापना एवं पुर्नएकीकरणसहित सडक बालबालिकाको हितमा कार्य गर्न गराउन सचेतना लगायत वालअधिकारको प्रवर्धन र सडक बालबालिकाको अधिकार तथा भविष्य सुनिश्चित गर्न सरकारी तथा गैरसरकारी निकाय, विकासका साझेदार संस्था र नागरिक समाजसँगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन गरिने देहायका कार्यक्रम सम्झनुपर्दछ ।

१) सडक बालबालिका पहिचान तथा उद्धार

२) सम्पर्क गृह

३) सामाजिकीकरण केन्द्र

४) पारिवारिक तथा सामाजिक पुर्नमिलन, पुर्नस्थापना र पुर्नएकीकरण

५) पारिवारीक सहयोग तथा आर्थिक विकास

६) सचेतना अभिवृद्धि तथा रोकथाम

(छ) “सडक बालबालिका” भन्नाले चौविसै घण्टा वा रातभर वा दिनभर वा दिनरातको केही समय जीवन निर्वाहका लागि सडकमा आश्रय लिएका निम्नानुसारका बालबालिका सम्झनुपर्दछ ।

१) अभिभावक वा परिवार विहिन भई सडकमा रहेका,

२) परिवारसँग लामो समयदेखि सम्पर्कमा नरही पुर्णरुपमा सडकमा रहेका,

उर्लाबारी नगरपालिका

३) परिवारसँग समय समयमा सम्पर्कमा रही सडकमा रहेका,

४) परिवारसँगै सडकमा रहेका,

५) विपद, द्वन्द्व लगायतका कारण वासस्थान छाडी वा हराएर वा वेवारिस भएर सडकमा नै जीवन निर्वाह गर्न वाध्य भएका,

६) विभिन्न कारणले परिवारवाट परित्यक्त भइ सडकमा अलपत्र छाडिएका,

७) विशेष परिस्थिति (पारिवारीक विखण्डन समेत) को कारण एक्लै वा साथीसँग आश्रय लिएका बालबालिका,

उर्लाबारी नगरपालिका

## परिच्छेदः २
## कार्यक्रम संचालन र उद्देश्य

**३. कार्यक्रमको उद्देश्यः**

(१) सडक बालबालिकाको उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारीक तथा सामाजिक पुर्नमिलन, पुर्नस्थापना तथा पुर्नएकीकरण गरी उनीहरुलाई सडक जीवनवाट मुक्त गर्नु ।

(२) बालबालिका सडकमा आउने कारणको पहिचान गरी सो को सम्वोधनद्वारा उनिहरु सडकमा आउने क्रमलाई निरुत्साहन गर्नु ।

(३ ) सडक बालबालिका व्यवस्थापन कार्य तथा खर्च गर्ने प्रकृयामा एकरुपता कायम गर्नु ।

**४. कार्यक्रम संचालन** :

नगरपालिकामा सडक बालबालिका व्यवस्थापन सम्वन्धी कार्य गर्दा देहाय वमोजिम गर्नुपर्नेछ ।

(१) प्रत्येक प्रदेशमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले सडक बालबालिकाहरुको उद्धार, संरक्षण, लालनपालन, परिवार तथा सामाजिक पुनर्स्थापना, पुनर्मिलन, पुर्नएकीकरण, मनोसामाजिक परामर्श, सामाजिकीकरण लगायतको कार्यहरु संचालन गर्ने, । उद्धार गरिएका बालबालिकाहरुलाई प्रदेशको समन्वयमा सम्वन्धित नगरपालिका तथा सामाजिक संघसंस्थावाट पुर्नस्थापना गर्न सकिनेछ ।

(२) सडक बालबालिकाहरुलाई विभिन्न सचेतनामुलक सन्देश तथा कार्यक्रम संचालन गरी समाजमा वस्ने उपयुक्त वातावरण सृजना गर्दै पुनः सडकमा फर्कनवाट रोक्ने ।

(३) सडक बालबालिकाहरुको स्वास्थ्य, तथा औषधी उपचार कार्यको लागि आवश्यक व्यवस्था मिलाउने ।

(४) सडक बालबालिकाहरुलाई औपचारिक तथा अनौपचारिक शिक्षा, सीपमुलक तथा अभिमुखीकरण तालीम मार्फत सक्षम वनाउने कार्यहरु संचालन गर्ने ।

(५) बालबालिका सडकमा आउने कारणको पहिचान गरी सो को सम्वोधनद्धारा उनीहरु सडकमा आउने क्रमलाई निरुत्साहित गर्न कार्य अगाडि वढाउने ।

(६) सरोकारवालाहरु (सरकारी तथा गैरसरकारी संघ,संस्था, नागरिक समाज) सँग समन्वय, सहजीकरण र सहकार्य गर्ने ।

उर्लावारी नगरपालिका

(७) सडक बालबालिकाको उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि विनियोजित बजेटबाट परिच्छेद ३ अनुसारको समितिको निर्णय अनुसार खाद्यान्न तथा लत्ताकपडाको व्यवस्थापन गर्ने ।

## परिच्छेदः ३
## सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन स्थानीय समन्वय समिति

**५. सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन स्थानीय समन्वय समिति** :सडक बालबालिका रहेका सम्बन्धित स्थानीय तह भित्रका सडक बालबालिकाको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्य, सेवा तथा कार्यक्रम तर्जुमा, संचालन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धित प्रदेश र संघीय निकायसँगको समन्वय र सहकार्यमा गर्न गराउन एक सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन स्थानीय समन्वय समिति रहनेछ ।

१) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

२) नगर प्रमुखले मनोनित गर्ने वडा अध्यक्ष १ जना - सदस्य,

३) नगरस्तरीय बाल सञ्जालबाट १ जना - सदस्य

४) नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख तथा प्रतिनिधि १ जना - सदस्य

५) नगरपालिकाको शिक्षा शाखाका प्रमुख तथा प्रतिनिधि १ जना - सदस्य

६) कार्यपालिका सदस्य मध्येबाट १ जना महिला - सदस्य

७) महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता हेर्ने शाखा प्रमुख - सचिवालय प्रमुख

**६. सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन स्थानीय समन्वय समितिको काम कर्तव्य र अधिकार :** सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन स्थानीय समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) सडक बालबालिकाको पहिचान, उद्धार र पुनर्स्थापनाको लागि प्रत्येक वडाको लगत संकलन गर्ने, गराउने र सोको एकीकृत लगत राख्ने ।

ख) अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका सडक बालबालिका समेतका लागि अस्थायी संरक्षण सेवा केन्द्र, सामाजिकीकरण केन्द्र, पुनर्स्थापना केन्द्र, बाल गृहको संचालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने गराउने ।

ग) सडक बालबालिकाका लागि संचालनमा रहेका अस्थायी संरक्षण सेवा केन्द्र, सामाजिकीकरण केन्द्र, पुनर्स्थापना केन्द्रको उपलब्ध सेवा,सुविधा र क्षमताको मापन गर्ने, गराउने तथा सोको अद्यावधिक अभिलेख राख्ने ।

घ) राज्यबाट स्थानीय तहमा उपलब्ध हुन सक्ने स्रोत साधन परिचालन गरी सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक स्रोत तथा साधनको व्यवस्थापन गर्ने ।

ङ) सरोकारवाला निकाय तथा संघसंस्थाका बीच समन्वय गरी सडक बालबालिकासँग सम्बन्धित गतिविधि थप प्रभावकारी बनाउने ।

च) सडक बालबालिकाको क्षेत्रमा कार्यरत निकाय तथा संघ संस्थाको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाहमा एकरुपता कायम गर्ने ।

छ) सेवा प्रदाय संघ संस्थाले मापदण्ड वा तोकिए बमोजिम कार्य गरे नगरेको, सडक बालबालिकाको अवस्थामा सुधार भए नभएको र समग्र लक्ष्य अनुरुपको उपलब्धि तथा प्रभावको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

ज) मापदण्ड वा तोकिए बमोजिम कार्य नगर्ने सेवा प्रदायक संघसंस्थालाई सुधारकालागि पृष्ठपोषण गर्ने वा समस्या समाधानकोलागि समन्वय तथा सहजीकरण गर्ने ।

उत्तरगया नगरपालिका

झ) सचिवालय संचालनको लागि आवश्यक हुने स्रोत साधनको व्यवस्था गर्ने र परिचालन गर्ने ।

७. **स्थानीय समन्वय समिति सचिवालयको काम, कर्तव्य र अधिकार :** स्थानीय समन्वय समिति सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) स्थानीय समन्वय समितिको निर्णय र निर्देशन कार्यान्वयन गर्ने,गराउने ।

ख) सडक बालबालिकाका लागि उपलब्ध सेवा, सुविधा र क्षमताको मापन गरी विवरण अद्यावधिक गर्ने ।

ग) राज्यबाट स्थानीय तहमा उपलब्ध हुन सक्ने स्रोत साधन परिचालन गरी सडक बालबालिकाको उद्धार,संरक्षण तथा व्यवस्थापन गर्ने ।

घ) सरोकारवाला निकाय, स्थानीय तथा नगर प्रहरी र स्थानीय संघसंस्थाका बीच समन्वय तथा सहजीकरण गर्ने ।

ङ) सडक बालबालिकाको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत निकाय तथा संघ संस्थाको क्षमता विकासमा सहयोग गरी गुणस्तरीय सेवा प्रवाहमा एकरुपता कायम गर्ने ।

च) स्थानीय स्तरमा विभिन्न निकाय, संघ संस्था र सम्बन्धित सरोकारवालासँग समेत समन्वय गरी सडक बालबालिकासँग सम्बन्धित गतिविधि थप प्रभावकारी बनाउने ।

छ) स्थानीय स्तरमा सडक बालबालिका एक संस्थाबाट अर्को संस्थामा सार्न तथा हस्तान्तरण गर्न वा अस्थायी संरक्षण सेवा केन्द्रबाट

उर्लाबारी नगरपालिका

सामाजिकीकरण केन्द्र वा सामाजिकीकरण केन्द्रबाट तालिममा पठाउन वा पारिवारिक पुनर्मिलन गर्न वा दीर्घकालीन बाल गृहमा पुनर्स्थापना गर्न सिफारिस गर्ने ।

ज) सडक बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण संकलन गर्ने, एकीकृत गरी अद्यावधिक गर्ने, विश्लेषण गर्ने, प्रतिवेदन तयार गर्ने र सम्बन्धित प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्मा पेश गर्ने ।

झ) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनको लागि संघ तथा प्रदेशसँग सहकार्य तथा सहजीकरण गर्ने ।

ञ) सेवा प्रदायक संस्थाले मापदण्ड वा तोकिए बमोजिम कार्य गरे नगरेको, एक आपसमा सिफारि गर्दा आइपरेका समस्या र सडक बालबालिकाको अवस्थामा सुधार भए नभएको र समग्र लक्ष्य अनुरुपको उपलब्धि तथा प्रभावको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

८. **समितिको बैठक सम्बन्धी कार्यविधिः** समितिको वैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ ।

क) समितिको वैठक महिनामा कम्तीमा ३ पटक बस्नु पर्नेछ ।

ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत, प्रहरी अथवा कार्यालयका कर्मचारी वा विज्ञ व्यक्ति आमन्त्रण गर्न सकिनेछ ।

ग) सचिवालयले एकमुष्ठ रुपमा कार्यपालिकाको वैठकमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

उर्लाबारी नगरपालिका

घ) समितिका अध्यक्ष वा सदस्य (आमन्त्रित सदस्य) ले सो समितिको बैठकमा भाग लिए बापत तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

## परिच्छेद: ३
## खर्च र लेखापरीक्षण:

**९. खर्च र लेखापरीक्षण:**

(क) सडक बालबालिका व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यव विवरणको लेखा राख्ने तथा आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखा परीक्षण गराउने । सोको प्रतिवेदन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा समेत पठाउनुपर्ने ।

(ख) सडक बालबालिकाको व्यवस्थापनको लागि विनियोजित वजेट प्रचलित आर्थिक प्रशासन सम्वन्धी ऐन, नियमावलीको खर्चको मापदण्डको परिधिभित्र रही खर्च गर्नु पर्नेछ । उक्त रकम खर्च गर्दा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन २०७२ तथा यस कार्यविधि वा सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५को परिधिभित्र रही खर्च गर्नुपर्नेछ ।

(ग) विनियोजित वजेट अनुसार कुन कुन क्षेत्रमा के कति रकम खर्च गरियो, सडक बालबालिका व्यवस्थापनमा गरिएका सकारात्मक पक्षहरु के के रहे, कमीकमजोरीहरु के के छन् भन्ने सम्वन्धमा

उर्लाबारी नगरपालिका

विवरण तयार गर्ने । वार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

१०. **प्रतिवेदन पेश गर्ने:** नगरपालिकाले सडक बालबालिका व्यवस्थापन सम्वन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन, आय व्यय विवरण, चौमासिक, रुपमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४
## विविध

११. **विविध:** सडक बालबालिका सम्वन्धी कार्यक्रम संचालन गर्दा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ र सडक बालबालिका पहिचान तथा उद्धारका लागि कार्यसंचालन पुस्तिका २०७२ लाई समेत आधार मान्नु पर्नेछ ।

प्रमाणिकरण मितिः २०७७।०९।२९

आज्ञाले,
मुरारीप्रसाद घिमिरे
नि. प्रमुख प्रशासकीय अधिकृत

*मूल्य रु. १०।-*

उर्लाबारी नगरपालिका